# समुदायमा अदालतको पहुँच र न्यायिक शिक्षा

प्राध्यापक डा.उत्तमकृष्ण कर्माचार्य

२०७३ बैशाख २६ गते कानुन दिवसको अवसरमा न्यायमा पहुँचका लागि समुदायमा अदालत कार्यक्रम अन्तर्गत भएको कार्यक्रम अरनिको हाइवे बाँसघारी नलिनचोकमा समन्वय समितिको सदस्यको हैसियतले उक्त कार्यक्रममा अतिथ्यता ग्रहण गर्ने मौका पाएको थिएँ ।




सो कार्यक्रममा माननीय जिल्ला न्यायधीश बालेन्द्र रुपाखेतीको अध्यक्षतामा प्रमुख अतिथि पुनरावेदन अदालतका माननीय न्यायाधीश उदयप्रसाद चापागाईँ अतिथिको रुपमा वरिष्ठ अधिवक्ता श्रीबाबुराजा जोशीको पनि उपस्थिति हुनुहुन्थ्यो । यसका अतिरिक्त उल्लेखित अन्य सदस्य एवं महानुभावहरु कर्मचारी समेतको सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यक्रममा माननीय न्यायधीश लिप्तबहादुर थापाले अतिथि र सहभागीहरुलाई स्वागत गर्नुका साथै कार्यक्रमबारे प्रकाश पार्नु भएको थियो भने नेपाल बार इकाई भक्तपुरका श्रीकमलराज थापाले आधारभूत कानूनी व्यवस्थाबारे विस्तृत जानकारी दिनुभएको थियो । छिटोछरिटो न्याय सबैका लागि न्यायको सुनिश्चिताका लागि न्यायपालिकाबाट भएका प्रयासहरु माननीय न्यायधीश श्रीगिरीराज गौतमले प्रस्तुत गर्नुभएको थियो भने न्यायिक प्रक्रिया सम्बन्धी आधाभूत विषयमा माननीय न्यायधीश श्रीश्रीकृष्ण भट्टराईले कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियाको समयमा नागरिक समाज, महिला विकास अधिकृत, न.पा.का कार्यकारी अधिकृत, प्रहरी उपरिक्षक, स्थानिय विकास अधिकार तथा वरिष्ठ अधिवक्ताहरुले आ–आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । सो दिन समुदायमा अदालत विषयको **(Judicial Outreach)** कार्यक्रम विषयक सर्वेक्षण फर्म वितरण गर्नुका साथै फर्म भर्ने उपयुक्त समय एवं संकलनको पनि व्यवस्था भएको थियो ।

भक्तपुर जिल्ला अदालतको वार्षिक कार्यक्रम अनुसार २०७५–०८–०६ मा समुदायमा अदालतको पहुँच र सबैका लागि न्यायिक शिक्षाबारे अभीमुखीकरण कार्यक्रम नयाँ ठिमीस्थित चाणक्य कलेजमा सञ्चालन भएको थियो । उक्त कार्यक्रममा माननीय मुख्य न्यायधीश श्रीमोहम्मद जुनैद आजादको अध्यक्षतामा सञ्चालन भएको थियो । यसै माननीय न्यायधीश श्रीमातृकाप्रसाद मरासेनी, माननीय न्यायधीश डा. श्रीप्रकाश उप्रेती माननीय न्यायधीश श्रीईश्वर पराजुलीले समुदायमा अदालत, सबैका लागि न्यायिक शिक्षा र न्यायिक क्षेत्रमा पहुँचका लागि समुदायमा अदालत कार्यक्रम विषयक प्रस्तुतिकरण भएको थियो भने कार्यक्रम सञ्चालन र स्वागत भाषण रजिष्ट्रार श्रीकृतबहादुर बोहराले गर्नुभएको थियो । कार्यक्रममा चाणक्य कलेजका अध्यक्ष श्रीचन्दनकृष्ण श्रेष्ठ ,प्राचार्य वर्ग र साथै सरकारी वकिलका अध्यक्ष आ–आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहभागीको रुपमा कलेजका साथै विद्यार्थीहरुले सक्रिय सहभागिता जनाएर अन्तरक्रियामा भाग लिएका थिय। यस कार्यक्रमको समापन मुख्य जिल्ला न्यायधीश श्रीमोहम्मद जुनैद आजादले कार्यक्रम संचालन संयोजक प्रा.डा उत्तमकृष्ण कर्माचार्य, कलेजका अध्यक्ष चन्दनकृष्ण श्रेष्ठ र उपस्थितसबैलाई धन्यावाद ज्ञापन गर्नुभएको थियो ।

**समुदायमा अदालतको पहुँच र न्यायिक शिक्षा अभिमुखीकरणका विशेषताहरु**

समुदायमा अदालतको अवधारणा र न्यायिक शिक्षा अभिमुखिकरण कार्यक्रम सुरु हुनुभन्दा पहिले अदालतको अवधारणा अदालतभित्रमात्र सीमित भइरहेको थियो भने

Judicial Outreach Program को अवधारणाहरु समुदायमा जानकारी तथा अन्तरक्रिया गर्ने अभ्यास सुरु भयो ।

यो अवधारणा आउनुभन्दा पहिले अदालतका मा.न्यायाधीशहरु पनि अदालत र बेन्चको काम कारबाहीमा  मात्र सीमिति हुनुहुन्थ्यो भने Judicial Outreach Program को अवधारणा र प्रक्रियाले गर्दा हरेक वर्ष २/३ पटक जिल्लाको नागरिक समाज, महिला समुह, सरकारी र गैरसरकारी संघ संगठन तथा कलेज एवम् विश्वविद्यालयको समुहहरुमा अदालतको विभिन्न पक्षहरुबारे प्रस्तुतीकरण र अन्तरक्रिया गर्ने मौका मिल्यो ।

समुदायमा अदालतको प्रस्तुति र अन्तरक्रियाले गर्दा विभिन्न वर्गहरुमा अदालतमा मा.न्यायधीशहरुसँग चिनाजानी गर्ने मौका सुरु भयो । यो प्रक्रियाले श्रीमानहरुमा पनि विभिन्न समुदायमा परिचित हुने मौका मिल्यो । **Judicial Outreach Program** मार्फत विभिन्न समुदायमा आधारभूत कानूनी व्यवस्था, सबैका लागि न्यायको सुनिश्चितताका लागि न्यायपालिकाबाट भएका प्रयासहरु र न्यायप्रक्रिया सम्बन्धी आधारभूत विषयहरुको प्रस्तुतिले गर्दा जनमानसमा अदालतसम्बन्धी सकारात्मक अवधारणाको विकास भएको आत्म मूल्याङ्कन गर्न सकिन्छ ।

अदालतको र न्यायक्षेत्र विषय संगठनात्मक ढाँचा र कारबाहीको जानकारी अदालतबाहिरका व्यक्तिलाई कमैमात्र भएको बुझिन्छ । तर समुदायमा अदालतको पहुँच कार्यक्रमले गर्दा अदालतको संगठनात्मक ढाँचा, देवानी र फौजदारी मुदाहरु गम्भीरता र सरलता, अदालतमा हुनसक्ने कारबाहीहरु  दण्ड र सजायँ विषयक आधारभूत जानकारी हुँदै गरेको विषय जनसमुदाय र बिषेश गरि विधार्थिहरुमा जानकारी भएको अनुभव गरिएको छ ।

समुदायमा अदालत कार्यक्रम अन्तर्गत भर्नुपर्ने सर्वेक्षण फाराममा उल्लेखित विषयवस्तुको पनि अदालतको समस्याहरु र अदालत दिने सेवालाई अझ प्रभावकारी गराई सस्तो र छिटोछरिटो न्याय दिन आवश्यक सुझावहरुले गर्दा अदालतमा हुने सक्ने चुनौती तथा समस्या समाधानको लागि धैरै उपयोगी सिद्ध भएको बुझिन्छ ।

## भावी कार्यक्रमहरु




हाल सम्मको अनुभवका आधारमा समुदायमा अदालतको अभिमुखिकरण कार्यक्रम अन्तर्गत विभिन्न सामाजिक समुदाय बाहेक निम्न संघ–संस्था र समुदायहरुमा पनि सञ्चालन गर्नुपर्ने देखिन्छ ।

क) जिल्लाको नगरपालिका सम्पूर्ण कर्मचारी र पदाधिकारीको समूह सुमुहमा
ख) जिल्ला विकास समन्वय समितिका सम्पूर्ण निर्वाचित पदाधिकारी तथा कर्मचारीहरु समूह सुमुहमा

ग) प्रमुख जिल्ला अधिकारीको आतिथ्यमा हुने जिल्ला प्रमुखहरुको त्रैमासिक रुपमा हुने बैठकहरुमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यक देखिन्छ ।
घ) हालसम्मको न्यायाधीशहरुको प्रस्तुतीका आधारमा मूल्याङ्कन गर्दा जिल्लाको प्रहरी समुदायमा पनि अदालतको अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने झनै आवश्यक देखिन्छ ।

ङ) अदालतको काम कर्तव्य र काम कारबाहीहरु दैनिक जीवनसँग सम्बन्धित धेरै चुनौतीको जानकारी हुने भएकोले विद्यालय, कलेज र विश्वविद्यालय समुदायमा पनि बेला बेलामा उल्लेखित न्यायाधीशहरुको प्रस्तुतिहरु सञ्चालन गदै जानुपर्ने अति नै आवश्यक देखिन्छ ।

च) हालसम्म भइरहेको समुदायमा अदालत अभिमुखीकरण कार्यक्रमले गर्दा

जनमानसमा  अदालतप्रति हुने गरेको अव्यवहारिक र नकारात्मक धारणाहरु विषय अदालतप्रति धेरै नै सकारात्मक धारणा एवं अदालत समाजको एक अभिन्न अंग हो । अदालत समुदायकै परिवार हो र अदालत समुदायमा न्याय, दण्ड–सजाय तथा नैतिकताको विकासका लागि एक अभिन्न अंग भएको अवधारणाको विकास भएको देखिन्छ ।

छ) समुदायमा अदालत पहुँच र न्यायिक शिक्षा अभिमुखिकरण कार्यक्रम अन्तर्गत सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगबाट प्रकाशित निम्न जानकारी पुस्तिकाहरुको विषयमा पनि बेला बेलामा प्रस्तुतिकरण र अभिमुखी कार्यक्रमहरु सञ्चालन गर्ने अति नै आवश्यक देखिन्छ ।

१. जातीय भेदभाव तथा छुवाछुट विरुदको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका विषय

२. असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिकको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका विषय

३. देवानी मुद्दामा महिलाको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका विषय
४. आदिवासी जनजातिको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका विषय
५. जेष्ठ नागरिकको अधिकार एवं उपचार सम्बन्धी जानकारी पुस्तिका विषय

**लेखक शिक्षाविद हुनुहुन्छ ।**